सञ्चारिका लेखमाला
Sancharika Feature Service

वर्ष ७ अंक १० मासिक असोज/कात्तिक October 2004

- *बन्दुकप्रति बढ्दो महिला आकर्षण* ✍ विष्णु रिजाल
  अब सैनिक कानुन, नियम, नियमावली र कार्यविधिमा नै हेरफेर आवश्यक छ।

- *कुमारीत्व जोगाउन योनीमै टाँचा* ✍ राजेन्द्र स्थापित
  केन्याका पुरुषले यौनोच्छेदन गरेका महिलासँग बिहे नगर्ने मात्र होइन, गर्लफ्रेण्ड पनि नबनाउने घोषणा गरेका छन्।

- *अझै पनि छोरीहरू जाँचमा फेल होलान् भन्नेभन्दा धर्म नासिएला भन्ने डर* ✍ वसन्त महर्जन/कृष्ण अधिकारी
  छुई भएका बेला किताबकापी पनि छुन दिनुहुँदैन भन्ने मान्यता कायम छ।

- *अठार वर्षपछि न्याय पाइन् मोतीमायाले* ✍ विकास भट्टराई
  *घरजग्गा छिमेकीले हडपेर भाडा लगाएपछि....*

- *चर्पीले बदलेको महिलाको जीवन* ✍ भरत अधिकारी
  *रोग, जंगली जनावर र रातको निद्राबाट बचाएको छ चर्पीले*

- *दुनाटपरी बेचेर आयआर्जन गर्छन् बाग्लुङका महिला* ✍ ज्ञानेन्द्र गौतम
  पेपरप्लेटको विकल्प बनेका छन् दुनाटपरी

संचारिका समूह/नेपाल

# बन्दुकप्रति बढ्दो महिला आकर्षण

*सेना सबै जात, धर्म, सम्प्रदाय, क्षेत्र र लिंगको हो भन्ने विश्वास दिलाउन सेनाले महिला भर्नाको सुरुवात गरेको छ ।*

✍ विष्णु रिजाल

दुई वर्षअघिसम्म बुबाको अंगरक्षक देख्दा डराउने सप्तरीकी निमा पासवान अहिले सैनिक बनेकी छन् । गोली-गठ्ठा र हातहतियार उनका नियमित साथी बनेका छन् । राष्ट्रिय सभाका कार्यवाहक अध्यक्ष रामप्रित पासवानकी छोरी निमालाई खान-लाउनको कुनै समस्या थिएन । तर, आफ्नै खुट्टामा उभिने चाहनाले उनी सेनामा भर्ती भएको बताउँछिन् । 'सवाल अहिलेको मात्र होइन', भविश्यतर्फ संकेत गर्दै निमा भन्छिन् । यसो त भनसुनकै आधारमा बुबाले जागिर लगाइदिन सक्थे । 'तर आफैं केही गरेर देखाउनुपर्छ भन्ने मेरो अठोट छ'- सैनिक बन्नुको कारण खोल्दै निमा भन्छिन् ।

*सैनिक ब्यारेक भित्र हुन सक्ने अनैतिक क्रियाकलाप रोक्न र महिलालाई बढी सुरक्षित बनाउन अब सैनिक ब्यारेकको संरचना हेरफेर हुनु आवश्यक छ ।*

अरू महिलाभैं उनी रातो सारीमा सजिएकी थिइनन्, फौजी पोसाकमा थिइन् । उनका हातमा चुरा थिएनन्, स्वचालित बन्दुक थियो । उनको निधारमा टीका थिएन, जिम्मेवारीको फौजी टोपी थियो । र, गलामा पोते थिएन, गोलीको माला थियो । तिजको अघिल्लो दिन महिलाहरूको चहलपहल बढिरहेको थियो । 'यसपालि तिज मनाउनु हुन्न ?' भन्ने प्रश्न भुइँमा खस्न नपाउँदै त्रिपुरेश्वरमा गस्तीमा रहेकी सैनिक सावित्रा थापाले थप होसियारीका साथ बन्दुक समाएर भनिन्- 'बाह्र बजे ड्युटी सकिन्छ । भोलि तिजमा त हाम्रो पनि बिदा छ ।'

निमा र सावित्राजस्तै सडकमा फौजी पोसाकमा भेटिने महिलाको संख्या बढ्न थालेको छ । गत फागुनमा पहिलोपटक शाही नेपाली सेनाले प्राविधिकबाहेकका पदहरूमा पनि महिलाका लागि भर्ना खुला गरेपछि दुई सयजनाको समूहले तालिम समाप्त गरिसकेको छ । हाल तालिमप्राप्त ती महिला सैनिकलाई उपत्यकाका विभिन्न सैनिक कार्यालयहरूमा खटाइएको छ । सुरुमा के होला र कसो होला भनेर निक्कै आत्तिएको बताउने सावित्रालाई अब भने सैनिक जीवन नियमितभैं लाग्न थालेको छ । बेरोजगारीले पिरोलिएर सेनामा भर्ना हुन पुगेकी सावित्राले आफ्नो अनुभवको सार खिच्दै भनिन्- 'गर्दै जाँदा गाह्रो हुँदोरहेनछ ।'

केही समय अगाडिसम्म शाही नेपाली सेनामा प्राविधिक सेवामा मात्रै महिलाहरू रहने गरेकोमा अब दैनिक गस्ती, ड्युटी र लडाइँमा पनि महिला देखिने भएका छन् । सेनामा पहिलोपटक गत फागुनमा महिलाका लागि दर्खास्त आह्वान गरिएको थियो । त्यसमा देखिएको उत्साहजनक सहभागिताका कारण सेनाले हालै दोस्रोपटक थप २ सय ५१ महिलालाई भर्ना गरेको छ । 'लडाइँमा जाने हिसाबले महिलाको छनोट पहिलोपटक गरेका थियौं । हामीलाई यसमा सफलता मिलेको छ र त्यसबाट उत्साहित बनेका छौं । आगामी दिनमा उनीहरूको संख्या बढाउँदै लैजाने योजना छ ।'- शाही नेपाली सेनाका प्रवक्ता सहायकरथी राजेन्द्र थापाको भनाइ छ । महिलाहरू आफ्नो जिम्मेवारी निर्वाह गर्नमा झनै लगनशील पाइएको जानकारी दिंदै थापा भन्नुहुन्छ-'अहिलेसम्म जे-जति जिम्मेवारी दिएका छौं, त्यसमा हामी सन्तुष्ट छौं ।' गत साउन १८ गते तालिम पूरा गरेका महिला सैनिकलाई पहिलोपटक गत भदौ १३ गतेको उपत्यका बन्दमा सुरक्षाका लागि सडकमा उतारिएको थियो ।

सेनामा महिला भर्नाको प्रयोगले अपेक्षित परिणाम दिएकोले नै होला, शाही नेपाली जंगी अड्डाले पहिलोपटक अधिकृतस्तरका पदहरूका लागि पनि महिलाबाट दर्खास्त आह्वान गरेको छ । गत भदौ ३० गते प्रकाशित सूचनाअनुसार, प्रवीणता प्रमाणपत्र वा स्नातक तह उत्तीर्ण महिलाले सहायक सेनानी पदका लागि दर्खास्त दिनसक्ने छन् । महिलाहरूबीचमात्रै प्रतिस्पर्धा गरेर भर्ना लिइने पदको संख्या नखुलाइए पनि सैनिक मुख्यालय सम्बद्ध स्रोतका अनुसार सो संख्या दुई सयको हाराहारीमा छ ।

सैन्यविद् डा. इन्द्रजित राई छोटो समयमै भटाभट महिला भर्ना गर्नुको आधार विश्लेषण गर्दै

भन्नुहुन्छ, 'सेनाले महिलामाथि विश्वास गरेको देखियो। यो क्रम अबका दिनमा बढ्दै जाने अनुमान गर्न सकिन्छ।' विशेषज्ञ राईका भनाइमा, 'सेनाको आधुनिकीकरण गर्ने भनेको हतियार र संख्यामा मात्र होइन, उसको संरचना, स्वरूप र ढाँचामै परिवर्तन गर्नुपर्छ। सेना सबै जात, धर्म, सम्प्रदाय, क्षेत्र र लिंगको हो भन्ने विश्वास दिलाउन सेनाले महिला भर्नाको सुरुवात गरेको हुनसक्छ।'

मुलुकमा द्वन्द्वरत अर्को पक्ष माओवादीमा भने महिलाहरू निकै समयअघिदेखि नै युद्धमोर्चामै खटिन थालेका हुन्। विभिन्न पत्रपत्रिकामा प्रकाशित हातहतियार र कम्ब्याट पोसाकसहितको माओवादी महिलाहरूका तस्बिरले पनि त्यहाँभित्र महिलाको संख्या धेरै भएको अनुमान गर्न सकिन्छ। माओवादीले छापामारको रूपमा महिलाको प्रयोग बढी मात्रामा गर्ने गरेको पाइन्छ। त्यतिमात्र होइन, विभिन्न ठाउँमा भएका भिडन्तपछि पाइने माओवादीका शवमध्ये महिलाका शव पनि प्रशस्तै भेटिने गरेका छन्। माओवादीमा महिलाको उपस्थिति बढिरहेको तथ्यको मनोवैज्ञानिक उपचारको रूपमा सेनाले पनि भर्ना सुरु गरेको अनुमान धेरैको छ। 'माओवादीमा ठूलो संख्यामा महिला संलग्न भएको परिप्रेक्ष्यमा शाही नेपाली सेनामा पनि महिला भर्ना गर्ने सोच आउनुलाई अस्वाभाविक मान्न सकिदैन।' एक सैनिक अधिकारी भन्छन्। उनका अनुसार, सेनालाई समयानुकूल र प्रभावकारी बनाउने उपायहरूको खोजी गर्ने क्रममा महिलालाई समावेश गर्ने अवधारणा अगाडि आएको हो।

पुरुषको तुलनामा सुरक्षाकर्मीको रूपमा काम गर्न महिलालाई गाह्रो हुने कुरालाई भने स्वयं महिला सैनिकहरू नै नकार्न सक्दैनन्। शारीरिक र सामाजिक कारणहरूले गर्दा पनि महिलाहरूले बढी जटिलता बेहोर्नुपर्ने उनीहरू बताउँछन्। गर्भवती र सुत्केरी अवस्था एवं बच्चा स्याहार्ने बेलामा कसरी काम गर्ने भन्ने चिन्ताले उनीहरूलाई भित्रभित्रै चिमोटिरहेको हुन्छ। 'पछिको कुरा पछि नै बेहोरौंला'- निमा आफ्नो चिन्ता पन्छाउँदै भन्छिन्। दर्खास्त आह्वान गर्दा नै शाही नेपाली जंगी अड्डाको कार्यरथी विभागले दुइ सर्त राखेको छ। पहिलो, उम्मेदवार महिला अविवाहित हुनुपर्ने र दोस्रो, तालिम अवधिभर महिलाले विवाह गर्न नपाउने। तर, यस अघिदेखि नै सेनाको प्राविधिक तहमा कार्यरत र विधवा महिलाका हकमा भने यी सर्त लागू हुँदैनन्।

*सेनाले आह्वान गरेको दर्खास्तमा चाहिने संख्याभन्दा पाँच गुणा बढी उम्मेदवारी पर्नुले उनीहरू पुरुषभन्दा कुनै पनि प्रतिस्पर्धामा पछि पर्न चाहँदैनन् भन्ने देखाउँछ।*

महिलाहरूका लागि पनि सैनिक सेवा खुल्ला गरेपछि नियम, कानुनहरू पनि त्यहीअनुसार परिमार्जन गर्नुपर्ने हुन्छ। सैनिक कानुनका ज्ञाता पूर्वसहायकरथी दीप्तप्रकाश शाह भन्नुहुन्छ- 'सैनिक कानुन, नियम, नियमावली र कार्यविधि बनाउँदा अहिलेको जस्तो महिलासहितको सहभागितालाई ध्यानमा राखेर बनाइएको होइन। त्यसैले नयाँ व्यवस्थाअनुसार, तिनीहरूमा पनि हेरफेर गर्नुपर्छ।' सैनिक ब्यारेकभित्र हुनसक्ने अनैतिक क्रियाकलाप रोक्न र महिलाहरूलाई बढी सुरक्षित बनाउन अब सैनिक ब्यारेकहरूको संरचनामा पनि हेरफेर हुनुपर्ने सुझाव शाहको छ- 'ब्यारेकहरूको अहिले जे-जस्तो अवस्था छ, त्यसले मात्रै काम चल्दैन। तिनलाई पनि व्यवस्थित गर्नुपर्छ।'

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कुमारीत्व जोगाउन योनीमै टाँचा

*विवाहअघि महिलाले शारीरिक सम्पर्क राख्न नसकून्, राखिहालेको खण्डमा यौन सन्तुष्टि नभएर पीडा मात्र होस् भन्ने उद्देश्यले महिलाको यौनांग सिलाउने कुप्रथाबाट अहिलेसम्म संसारभरिका १३ करोडभन्दा बढी महिला सिकार भइसकेका छन्।*

**राजेन्द्र स्थापित**

अफ्रिकी राष्ट्र सियरालियोनको एउटा गाउँकी हान्ना कोरोमा त्यसबेला मात्र १० वर्षकी थिइन्। एक दिन आफ्नै बज्यैले उनलाई नाचगान देखाउने निहुँमा खोलाको किनारमा लिएर गइन्। त्यहाँ

तिनलाई पेटभरि खान दिइयो र नजिकैको छाप्रोभित्र लगियो। भित्र निस्पट्ट अँध्यारो थियो। त्यहीं उनलाई निर्वस्त्र पारियो र आँखामा पट्टी बाँधी भुइँमा उत्तानो पारेर सुताइयो। त्यहाँ पहिल्यै ४ जना बलियाखाले आइमाईहरू बसिरहेका थिए। तिनीहरूमध्येका २ जनाले तिनको दुईवटा खुट्टालाई बलियोसँग समाते भने अर्कीले चाहिं हातले छातीमा थिच्न थाली। लगत्तै हान्नाको मुखमा कपडा कोचियो।

चौथी महिला जो पाको उमेरकी थिइन्, उनले ब्लेड हातमा लिइन् र हान्नाको भंगाकुर चिर्न थालिन्। हान्नाको चिच्याहट तथा छटपटाहट जारी थियो, तर उनी हलचल गर्न असमर्थ थिइन्। ती 'चिकित्सक' आइमाईले तिनको रोदन र पीडाको परवाह नै नगरीकन योनीको एकापट्टिको बाहिरी किनारा माथिदेखि तलसम्म चिर्न थालिन् र पछि भित्री भागको किनारा चिरेर काटेको मासुको चोक्टा बाहिर निकालिन्। चिरफारको यो काम योनीको अर्को भागमा पनि त्यसरी नै सम्पन्न भयो। त्यसपछि बल्ल तिनकी बज्यै त्यहाँ पुगिन् र 'चिकित्सक' ले गरेको काम ठीक-बेठीक भए-नभएको जाँच्न थालिन्। तिनले सकारात्मक संकेत दिएपछि ती 'चिकित्सक' महिलाले पिसाब फेर्ने र महिनावारी ताकाको रक्तश्रावको निम्ति सानो प्वाल छोडी अन्यत्र टाँका लगाई योनीद्वारलाई बन्द गरिदिइन्। त्यसपछि योनीको बाहिरी भागमा भएको घाउ हिंड्दा बस्दा उत्पन्न हुने घर्षणले बिग्रन नपाओस् भनेर सुरक्षाका लागि नितम्बदेखि घुँडासम्म डोरीले बाँधिन्, खुट्टा चलाउन नहुनेगरी। त्यसपछि बल्ल तिनलाई जान दिइयो। दुवै खुट्टा डोरीले बाँधिएका कारण हान्ना ४० दिनसम्म ओछ्यानमै थला परिन्।

> पीडाको परवाह नै नगरीकन योनीको एकापट्टिको बाहिरी किनारा माथिदेखि तलसम्म चिर्न थालिन् र पछि भित्री भागको किनारा चिरेर काटेको मासुको चोक्टा बाहिर निकालिन्।

करिब १५ देखि २० मिनेट लाग्ने यो शल्यक्रिया महिलाहरूले बिहेअघि यौन समागम गर्न नसकून् र कथंकदाचित गरिहाल्दा पनि यौनसुख होइन पीडा र कष्ट मात्र पाऊन् भन्ने उद्देश्यले गरिने सामाजिक कुप्रथा हो। यो प्रथा इशापूर्व २३०० मा चलाइएको भए पनि हान्ना, खाद्रा हसन (१० वर्षकी छोरीलाई लिएर सोमालियाबाट सन् १९९३ मा क्यानाडा भागेकी), फैजिया कासान्गा (यौनोच्छेदन गर्न नमानेपछि १ वर्ष जेल सजाय भोगेर टोगोबाट सन् १९९६ मा भागी अमेरिकामा शरण लिन पुगेकी), लिडिया ओलुलोरो (आफ्ना ३ छोरीलाई यौनोच्छेदनबाट बचाउन नाइजेरियाबाट सन् १९८७ मा ब्रिटेन भागेर गएकी), अमिहा अबु अल सिया (सन् १९९५ मा यौनोच्छेदन गराउँदागराउँदै अत्यधिक रक्तश्राव भई मरेकी इजिप्सियन), अम्ना बाद्री जस्ता लाखौं महिला यो कुरीतिबाट गुज्रिसकेका छन् छोरीहरूलाई लिएर सुडानबाट सन् १९९७ मा ब्रिटेन पुगे र यतिखेर यो कुप्रथाविरुद्ध क्रियाशील) महिलाहरू आज पनि यसको सिकार बन्दैछन्। एमनेस्टी इन्टरनेसनल, विश्व स्वास्थ्य संगठनजस्ता मानवअधिकार र महिलावादी संगठनहरूको चर्को विरोधका बाबजुद आज पनि अफ्रिकाका २८ वटा मुलुक तथा एसियाका इन्डोनेसिया, श्रीलंका, भारत, मलेसिया, पश्चिमका ब्रिटेन, फ्रान्स, इटली, स्वीडेन, नेदरल्यान्ड, डेनमार्क, क्यानाडा, संयुक्त राज्य अमेरिका, अस्ट्रेलियालगायत मध्यपूर्व, ल्याटिन तथा दक्षिण अमेरिकी मुलुकहरूमा कतै लुकिछिपी त कतै खुलेआम यो काम भइरहेको छ। एमनेस्टीले गत मार्च ५ मा सुरु गरेको यौनच्छेदनविरोधी विश्वव्यापी प्रचार अभियानलाई उद्धृत गर्दै बीबीसीले दिएको पछिल्लो तथ्यांकअनुसार महिलालाई मानसिक तथा असाध्यै शारीरिक कष्ट हुने यो कुप्रथाको सिकार आजसम्म १३ करोड ५० लाख महिला भइसकेका छन् भने तत्काल २० लाख जोखिममा छन्।

मुस्लिम धर्मावलम्बी तथा अफ्रिकी आदिवासी समुदायमा बहुप्रचलित यो प्रथा ३ प्रकारले, भंगाकुरको टुप्पो काटेर, भंगाकुर तथा वरिपरिको सम्पूर्ण ओठ काटिन्छ। पिसाब र रक्तश्रावका लागि सानो प्वाल छाडी टाँका लगाएर योनीद्वारलाई बन्द गरिन्छ। दक्ष जनशक्तिको अभावमा बेहोससम्म नपारीकन गरिने यो 'शल्यक्रिया' मा धारिलो टिनपाता, चक्कु, काँचको टुक्रा तथा खिया लागेका कैंचीहरू पनि प्रयोग गरिने गरेको कारण प्रायलाई घाउ बिग्रेर सताउने गरेको देखिन्छ। बीबीसीका अनुसार अफ्रिकी राष्ट्र गाम्बियामा मात्र यौनोच्छेदन गरिएकामध्ये १३४८ जनामा HSV2 नामक भाइरस संक्रमण भएको पाइएको छ। यसबाहेक यो प्रथाबाट महिलामा पिसाबको समस्या हुने, मृगौला र मूत्राशयमा क्षति पुग्न जाने, यौन समागममा कष्ट हुने र गर्भावस्था तुहिने खतरा त छँदैछ।

विश्वमा अहिलेसम्म यो प्रथा धर्म, संस्कृति र लैंगिक प्रतिष्ठाका नाउँमा भइरहेको छ। यसका पक्षपातीहरू यसले महिलाहरूलाई तन्दुरुस्त राख्ने, लोग्नेको विश्वास प्राप्त हुने, बिहेअघि केटीहरूमा हुने यौनजन्य नैराश्यतालाई कम पार्ने तर्क अघि सार्दै आइरहेका छन्। स्मरणीय छ, यो प्रथाको समर्थन केन्याका राष्ट्रपति जोमो केन्याताले समेत गरेका थिए। अहिले पनि अफ्रिकी मुसलमान महिलाहरूको राष्ट्रिय परिषद् (NCMW), मुसलमानहरूको संगठन 'सोवे' तथा ब्रिटेनमा बसिराखेकी सोमालियाकी अमिना अहमद, केन्याकी न्जेरीले खुलेआम यो प्रथाको पक्षमा वकालत गरी सबैलाई चुनौती दिँदै आइरहेकी छिन्।

हुनतः यो प्रथा रोकथामका निम्ति प्रयासहरू नभएका होइनन्। एमनेस्टी इन्टरनेसनल सन् १९८१ देखि लागिपरेको छ भने विश्व स्वास्थ्य संघ, मानव अधिकारवादी संगठनहरूले घाना, खार्तुम, लण्डन, नैरोबीमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन नै गरी यसको अन्त्य गरिनुपर्ने आवाज उठाउँदै आइरहेका छन्। अफ्रिकी राष्ट्रहरू युगाण्डा, घाना, इथियोपिया, सेनेगल, टोगो, बुर्किनोफासोलगायतका १४ वटा तथा फ्रान्स, ब्रिटेनले पनि कानुनी तवरमै यसमाथि प्रतिबन्ध लगाइसकेका छन्। त्यस्तै, अफ्रिकी राष्ट्र क्यामरुनकी राजकुमारी युफ्रासिया इट्टाओजोङ्ग, जसले आफैं पनि १७ वर्षअघि यो अत्याचार सहिसकेकी थिइन्, लागिपरेकी छिन्। राइट्स अफ वुमन इन अफ्रिका सन् २००३ देखि सक्रिय छ। यो प्रथालाई हतोत्साही गर्ने क्रममा यस वर्षको पछिल्लो ३ महिनाभित्र सेनेगलमा ३७ वर्षीया सालिमाता नाइघलाई १४ वर्ष, बुर्किनोफासोका १४ जना महिलालाई जनही ३ वर्ष, मालिका हावा ग्रेउ (जसले २ देखि १० वर्षबीचका १५ जना बालिकाको यौनोच्छेदन गरेकी थिइन्) लाई पेरिसको अदालतले २० वर्ष कैद सजाय सुनाइसकेको छ। त्यस्तै डेढ महिनाअघि मात्र केन्याका पुरुषहरूले यौनोच्छेदन गरेकाहरूसँग बिहे नगर्ने मात्र होइन गर्लफ्रेण्ड पनि नबनाउने घोषणा गरेका छन् । भर्खरै विवाहबन्धनमा बाँधिएको इथियोपियाको जेनेट गिर्मा र आदिसे अबोसेको जोडीले आफ्नो वैवाहिक समारोहलाई यौनोच्छेदनविरोधी कार्यक्रममा परिणत गरी उदाहरणीय काम देखाएका छन्। तर, यति हुँदाहुँदै पनि जर्मनी (जहाँ यौनोच्छेदन गरेका २४ हजार महिला छन्) ले ६ हजार र ब्रिटेन (जहाँ यौनोच्छेदन गरेका ७४ हजार महिला छन्) ले १५ हजार महिला तत्काल जोखिममा छन् भन्नु र केही दिन अघिमात्र दक्षिणपश्चिमी केन्याको एउटा गाउँबाट करिब १०० जना बालिका यौनोच्छेदनबाट डराएर भागेको घटनाले के सावित गर्दछ भने यो बर्बर प्रथाको रोकथामका लागि विश्वभरि जे-जति प्रयासहरू भइरहेका छन्, त्यो पर्याप्त छैन। थप र प्रभावकारी प्रयास जरुरी छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# अझै पनि छोरीहरू जाँचमा फेल होलान् भन्ने भन्दा धर्म नासिएला भन्ने डर

*छुई भएको बेलामा छोरीलाई स्कुल नपठाउँदा जाँचमा फेल होलान् भन्नेभन्दा पनि धर्म नासिएला र पाप लाग्ला भन्ने कुराले बढी चिन्तित छन् सुदूरपश्चिमको डडेलधुराका अभिभावकहरू।*

**वसन्त महर्जन/कृष्ण अधिकारी**

महिलामा हुने मासिक रजस्वला नेपालको सुदूरपश्चिम क्षेत्रका छात्राहरूका लागि शैक्षिक विकासमा समेत बाधक रहेको छ। रजस्वलाका बेला छात्राहरू विद्यालय नगई घरमै बस्न बाध्य हुन्छन्। राजधानीबाट करिब आठ सय किलोमिटर पश्चिममा रहेको डडेलधुरा जिल्लामा पर्ने नेपाल रेडक्रस सोसाइटी उपशाखा जोगबुढाअन्तर्गत समुदायको विकासमा कार्यरत लक्ष्मी जोशी पनि आफ्नो समयमा छुई (रजस्वला) हुँदा स्कुल कहिलै गइनन् तर उनी अहिले अरूलाई स्कुल जान प्रोत्साहित गर्छिन्। भन्छिन्- 'छुई भएको बेलामा स्कुल जाँदा 'सर' हरूले केही नभने पनि घरसमाजबाट गाली पाइन्छ भन्ने डर हुन्थ्यो। त्यसैले छुई हुँदाको चार दिन पढाइ छुट्थ्यो र

प्रत्येक महिना चार दिन पढाइ छुट्नु भनेको धेरै गम्भीर कुरा हो ।'

उमेर पुगेका किशोरीहरूमा रजस्वला हुनु स्वाभाविक र प्राकृतिक प्रक्रिया हो । तर, पश्चिम नेपालमा भने सामाजिक अन्धविश्वासका कारण यो महिलाका लागि अभिशाप नै भएको छ । स्थानीय भाषामा रजस्वला हुनुलाई छाउ वा छुई भनिन्छ र यस्तो बेला उनीहरूलाई अलग्गै राखिन्छ । यसलाई स्थानीय भाषामा 'छाउपडी' बस्ने भनिन्छ । छुई हुँदा महिलाले कसैलाई छुन हुन्न, छोएको खण्डमा देवता रिसाउँछन् र अनिष्ट हुन्छ भन्ने मान्यताले जरा गाडेको छ । यस्तो अवस्थामा महिलाहरू समाजबाट अपहेलित नै हुन्छन् भन्दा पनि हुन्छ । डडेलधुरामा जस्तै डोटीमा पनि पनि छुई हुँदाको अवस्था महिलाहरूका लागि निकै पीडादायी हुने गरेको उनीहरू बताउँछन् । त्यहाँ घरभन्दा अलि पर सानो छाप्रो बनाएर छुई भएकाहरूलाई राख्ने गरिन्छ । यसरी घरभन्दा टाढा राख्ने चलन डडेलधुरा, बैतडी, बझाङजस्ता क्षेत्रहरूमा कम हुँदै गइरहेको भए पनि डोटीबाट बसाइँ सरेर आएका डोटेलीहरूमा बढी रहेको स्थानीय बासिन्दाहरू बताउँछन् । पश्चिम नेपालका ती दुर्गम जिल्लाहरूका प्रायः घरहरू दुईतले हुन्छन् र माथिल्लो तलामा मानिसहरू र भुइँ तल्लामा गाईवस्तु बस्ने गर्दछन् । छुई भएको बेला महिलालाई गाईवस्तुसँगै भुइँ तल्लामा राख्ने चलन अद्यापि कायमै छ । पछिल्ला वर्षहरूमा घरदेखि टाढा अलग्गै झुपडी नबनाई महिलाहरूलाई घरकै भुइँ तलामा बस्न दिइन्छ जसलाई स्थानीय बुद्धिजीवीहरू सामाजिक सुधार भन्न मन पराउँछन् । सामान्य अवस्थामा भन्दा विशेष हेरचाह गरिनुपर्ने अवस्थामा शारीरिक र मानसिक रूपमा स्वास्थ्यलाई प्रतिकूल प्रभाव पर्नेगरी वर्षौंदेखि चल्दै आएको छाउपडी प्रथा मूलतः सामाजिक तथा धार्मिक अन्धविश्वासमा आधारित छ । तर, यो प्रथाको मूल्य-मान्यता के हो र कुन देवता रिसाउँछन् भन्ने स्पष्ट जवाफ र वैज्ञानिक कारणहरू यसका अनुयायीहरूसँग पनि छैन । परम्परादेखि चल्दै आएको भन्दै त्यसलाई आज्ञाकारी भई निभाउँदै आइरहेको भन्नेबाहेक सर्वसाधारणसँग जवाफ पनि पाइँदैन ।

'छुई हुँदा लाज हुन्छ, अनि कसरी स्कुल जाने त ?' एउटी छात्रा अबोध प्रश्न गर्छिन् । सामाजिक परिचालिका लक्ष्मी जोशी भन्छिन्- 'छुई हुँदा लाज हुने व्यक्तिगत कुरा हो । यद्यपि घरपरिवारका सदस्यहरूमा छात्राहरूलाई छुई भएको बेला स्कुल पठाउनु त कताकता किताबकापीहरूसम्म पनि छुन दिनुहुँदैन भन्ने मान्यता कायम नै छ । यही मान्यता नै छात्राहरूको शैक्षिक विकासका लागि तगारो बन्दै आएको छ ।'

बझाङ जिल्लाको सुनकुडास्थित उच्चमाध्यामिक विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर मल्ल छुई भएका बेलामा पनि छात्राहरू स्कुलमा निर्धक्क आउन सक्ने र विद्यालयबाट यसमा कुनै अवरोध नहुने बताउँछन् । 'तर समस्या के हो भने उनीहरू स्कुल नै आइदिँदैनन् ।' उनी भन्छन्- 'यदि कुनै छात्रा चार दिनसम्म स्कुल आएनन् भने शिक्षकहरूले ती छात्रा छुई भएका कारणले स्कुल नआएको बुझ्छन् तर यससम्बन्धमा कोही केही भन्दैनन् । छुई हुँदा छुट्ने पढाइका कारण पनि अन्य विद्यार्थीहरूका तुलनामा छात्राहरूको पढाइ कमजोर हुने गरेको पाइन्छ ।'

छोरीलाई पनि स्कुल पठाउनुपर्छ भन्ने सन्देश सुदूरपश्चिममा पनि राम्रैसँग पुगेको छ । सुनकुडा उच्चमावि बझाङका ३ सय ७९ विद्यार्थीमध्ये छात्राको संख्या १ सय १३ रहेको छ । तर, सोही विद्यालयको उच्चशिक्षा हासिल गर्ने छात्राको संख्या भने निकै कम भएको तथ्यांकले देखाउँछ । कक्षा चढ्दै गएपछि छात्राको संख्यामा ओरालो लाग्ने अनुभव प्रधानाध्यापक मल्लको छ । उनका अनुसार वरिपरिका अन्य विद्यालयहरूमा पनि यही स्थिति रहेको छ ।

दुई-चार कक्षा भए पनि पढाएर छोरीको आँखा उघारिदिइहाल्यौं, यति भए भइहाल्यो नि त भन्ने सोचाइ अभिभावकहरूमा रहेको पाइन्छ । उनीहरूको यस सोचाइले पनि उच्चशिक्षामा महिलाहरूको पहुँच न्यून छ । आमाहरू शिक्षित नभएका कारण छात्रछात्रा छुई भएको बेला अनेकौं शारीरिक र मानसिक पीडा खेप्न बाध्य हुन्छन् । छाउपडी प्रथाकै कारण छात्राहरूको पढाइमा प्रतिकूल असर परेको सहजै अनुमान गर्न सकिन्छ ।

घरपरिवारका सदस्यहरूमा छात्राहरूलाई छुई भएको बेला स्कुल पठाउनु त कताकता किताबकापीहरूसम्म पनि छुन दिनुहुँदैन भन्ने मान्यता कायम नै छ ।

तुलनात्मक रूपमा शहरीकरण भएको ठाउँमा छाउपडीको समस्या छैन। जनयुद्धका नाममा सक्रिय भूमिगत राजनीतिक पार्टी नेकपा (माओवादी) का कारण पनि सुदूरपश्चिमका दुर्गम बस्तीहरूमा सुधार आएको दाबी माओवादी कार्यकर्ताहरूको छ। माओवादीका कार्यकर्ताहरूले सामाजिक अन्धविश्वास र महिलामाथि हुने गरेको भेदभावका विरुद्ध अभियान सञ्चालन गरेपछि यसमा विस्तारै सुधार हुँदै गएको बझाङ जिल्लाको इलाका नम्बर ५ की इन्चार्ज शारदा बताउँछिन्। उनका अनुसार महिला वर्गमा हुने गरेको छाउप्रथा, दाइजो प्रथा, जारी प्रथाहरूको उन्मूलनमा महिला मोर्चा सक्रिय रहेको छ। उनी भन्छिन्- 'सदियौंदेखि समाजमा जरा गाडेको कुसंस्कारलाई एकैबाजी हटाउँछौं भन्दैमा हटाउन सकिने कुरा होइन, यस्ता कुरा जनताले विस्तारै बुझ्छन् तर छाउपडीका लागि घरबाट अलि टाढा अलग्गै झुपडी बनाएर राख्ने मान्यतालाई हामीले कडाइका साथ रोकिरहेका छौं, यसरी नै छात्राहरूलाई छुई भएको बेलामा पनि स्कुल पठाउनका लागि छात्रा तथा अभिभावकहरूलाई प्रोत्साहन गर्दै आएका छौं।'

तर छुई भएको बेला कसैलाई छुन नहुने, छोइयो भने अनिष्ट हुनेजस्तो कुराहरू सामाजिक अन्धविश्वास भएको र यसमा वैज्ञानिकता कत्ति पनि नभएको सन्दर्भ गाउँमा बूढाबूढीहरूलाई बोध हुन सकेको देखिँदैन। उनीहरूमा अन्धविश्वास कतिसम्म छ भन्ने प्रसंगमा समुदाय परिचालक लक्ष्मी जोशीको कुरा घतलाग्दो छ। उनी भन्छिन्- "छुई भएको बेलामा छोरीलाई स्कुल नपठाउँदा जाँचमा फेल होलान् भन्नेभन्दा पनि धर्म नासिएला र पाप लाग्ने कुराको बढी डर अभिभावकमा हुन्छ। यही डर नै सुदूरपश्चिमका छात्राहरूका लागि अभिशाप बनेको छ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# अठार वर्षपछि न्याय पाइन् मोतीमायाले

*काठमाडौं मखनटोलको घरजग्गा छिमेकीले कब्जा गरेपछि डेरा बस्न बाध्य भएकी वृद्धा मोतीमाया आफ्नी छोरीको पहलमा सर्वोच्च अदालतबाट मुद्दा जितेर पुनः आफ्नै घर फर्केकी छिन्।*

✍ **विकास भट्टराई**

काठमाडौं मखनटोलको घरजग्गा छिमेकीले कब्जा गरेपछि डेरा बस्न बाध्य भएकी वृद्धा मोतीमाया श्रेष्ठ आफ्नी छोरीको पहलमा सर्वोच्च अदालतबाट मुद्दा जितेर पुनः आफ्नो घरमा फर्केकी छिन्।

काठमाडौं मखनटोलकी ८० वर्षीया वृद्धा मोतीमाया श्रेष्ठ १८ वर्ष डेराको बासपछि बल्ल आफ्नो घरमा बस्न सफल भइन्।

आफ्नो कुप्रो शरीरलाई कहिले सर्वोच्च अदालत, कहिले पुनरावेदन त कहिले जिल्ला अदालतमा छिसार्दै न्यायको भीख माग्न वर्षौं धाएपछि कागजी रूपमा न्याय पाएकी भए पनि मोतीमायाले व्यवहारमा न्याय पाउन झन् सास्ती भोग्नुपरेको थियो।

*सर्वोच्चको फैसलाले आफूलाई पूर्ण न्याय दिएको ठानेकी मोतीमायाले जब सोअनुसार कार्य भएन, तब दुःखेसो पोख्ने गरेकी थिइन्- अदालतको आदेश नमान्ने त त्यहाँकै कर्मचारी पो हुँदारहेछन्।*

उनी आफ्नो घरमा अझै पनि निर्धक्क रूपमा बस्न पाएकी छैनन्, कारण सर्वोच्च अदालतले उनको पक्षमा फैसला गरी मुद्दा टुंग्याइसकेको भए पनि छिमेकीले अर्को बहाना झिकी पुनः जिल्ला अदालतमा मुद्दा दायर गरेको छ।

मखनटोलस्थित कित्ता नं. ७१३ को १ रोपनी ३ आना ३ पैसा क्षेत्रफलमा बनेको घर सर्वोच्च अदालतले मोतीमायालाई एक वर्षअघि तिम्रै हो भनिदिइसकेको थियो। सर्वोच्चको फैसलाले आफूलाई पूर्ण न्याय दिएको ठानेकी मोतीमायाले जब सोअनुसार कार्य भएन, तब दुःखेसो पोख्ने गरेकी थिइन्- अदालतको आदेश नमान्ने त्यहाँकै कर्मचारी पो हुँदारहेछन्।

मोतीमायाको छिमेकी पर्शुराम श्रेष्ठले उक्त घर आफ्नो भएको दाबी गरी विवाद बढेपछि २०५०

साउन ३१ गते काठमाडौं जिल्ला अदालतले मोतीमायाको विपक्षमा फैसला गरेको थियो । त्यस्तै पुनरावेदन अदालत पाटनले पनि उनलाई नै हराइदिएको थियो । सुरुमा अदालतले उनलाई हराइदिएपछि उनी आफ्नो घर छाडी डेरामा बस्दै आएकी थिइन् ।

ती दुवै अदालतको फैसला उल्टाउन माग गर्दै मोतीमायाले सर्वोच्चमा मुद्दा दोहोऱ्याई पाऊँ, भनी निवेदन दिएकोमा वरिष्ठ न्यायाधीश हरिप्रसाद शर्मा र चन्द्रप्रसाद पराजुलीको संयुक्त इजलासले मोतीमायाले सदाका लागि सो उपभोग गर्न पाउने गरी अन्तिम फैसला गरेको हो ।

सर्वोच्चले मोतीमायाको पक्षमा फैसला गरेको भए पनि उनी हरेक दिनजसो सर्वोच्च अदालतका सहरजिष्ट्रारको कोठा र रिट निवेदन शाखाका कर्मचारीसामु गएर रुने गरेकी थिइन्, त्यसलाई कार्यान्वयन गर्न माग गर्दै । उनको लामो संघर्ष र पत्रिकाको दबाबबाट मात्र सर्वोच्चको फैसला केही दिनअघि कार्यान्वयन भयो ।

मोतीमाया आफ्नो जितको बारेमा भन्छिन्- पत्रिका, वकिल, छोरी सबैको मद्दतबाट म अब आफ्नै घरमा मर्न पाउँछु की जस्तो छ । तर पनि अनेक किचलो झिकी मुद्दा हाल्दैछन् । फेरि पनि सत्यको नै जित हुन्छ ।

सर्वोच्च अदालतको फैसला कार्यान्वयन गराउन मोतीमायाकै विवाहित छोरी लक्ष्मी श्रेष्ठको भूमिका उल्लेख्य छ । उनी पेशाले नर्स हुन्, तर आफ्नो जागिरको पर्वाह नगरी हरेक दिन तीनै तहको अदालतमा धाउँदाधाउँदा आफ्नी आमालाई पुर्ख्यौली घरमा बसाउन सफल भइन् ।

लक्ष्मी वीर अस्पतालमा कार्यरत थिइन् । आफ्नी आमालाई पुर्ख्यौली घरमा फर्काउन संघर्ष गरिरहेकै बेला लक्ष्मीलाई सरकारले धादिङको दुर्गम गाउँमा सरुवा गरिदियो । 'सर्वोच्च अदालतको फैसला कार्यान्वयन नभएसम्म मेरो बरु जागिर जाओस् म सरुवा भएको ठाउँमा जान्न भनेर रातदिन त्यसैमा लागें । अहिले केही सफल भएँ- लक्ष्मी बताउँछिन् ।

उनी अगाडि भन्छिन्- के गर्नु, एउटा भाइ छ, उसले पढेलेखेको छैन । त्यसैले आमाका लागि म नै हो भन्ने ठानी सधैं त्यसमा लागें । मलाई सधैं त्यसमा लाग्दा घरपरिवारले समेत गाली गर्थे ।

मोतीमायाको छिमेकी पर्शुरामले त्यस घरलाई १८ वर्षसम्म भोगचलन गरे । त्यसबीचमा सो घरलाई भाडामा दिई पर्शुरामले लाखौं रुपैयाँ लगिसकेको छ ।

सर्वोच्च अदालतले सो घर मोतीमायाकै हो भनी फैसला गरेपछि १८ वर्षसम्म भाडाबाट उठाएको लाखौं रुपैयाँ कसको हुन्छ भनी स्पष्ट कानुनी व्यवस्था नभएका कारण सो रकम पर्शुरामले नै लिएका छन् ।

मोतीमाया भन्छिन्- यो घर मेरो हो । अदालतले पनि यसलाई मेरो भनिसकेको छ, त्यसैले पर्शुरामले घरभाडाबापत पाएको रकम पनि मेरो हुन्छ ।

कुनै विषयमा विवाद परी भोग नगरेको व्यक्तिको अधिकार हुने भनी अदालतले भनेमा पहिला भोग गरिरहेकोबाट क्षतिपूर्ति पाउने स्पष्ट कानुनी व्यवस्था हुनुपर्ने धारणा कानुनविद्हरूको छ ।

यसैगरी एउटा विवादमा सर्वोच्च अदालतले अन्तिम फैसला गरिसकेको अवस्थामा पुनः त्यसलाई बल्झाएर सुरु अदालतमा मुद्दा हाल्न नपाउने कानुनी व्यवस्था हुनुपर्ने कानुनविद्हरू बताउँछन् । यस सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था नहुँदा मोतीमाया पुनः आफ्नो घर छाड्नुपर्ने हो कि भनी सधैं त्रासमा रहेकी छिन् । किनभने उनीविरुद्ध पुनः जिल्ला अदालतमा मुद्दा दायर भएको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# चर्पीले बदलेको महिलाको जीवन

*धादिङको कार्कीडाँडामा घरैपिच्छे बनाइएका चर्पीले सबैभन्दा धेरै त्यहाँका महिला लाभान्वित भएका छन् ।*

✍ भरत अधिकारी

"यो गाउँका चार सयभन्दा बढी मानिस सधैं खुल्ला ठाउँमा दिसा गर्छन् । एकजनाले औसतमा दिनहुँ २ सय ५० ग्रामका दरले दिसा गर्छ भने गाउँको खुल्ला ठाउँमा एक दिनमा १ सय ९ किलो र एक वर्षमा करिब चार सय क्विन्टल दिसा थुप्रिन्छ ।" नौ महिनाअघि कार्कीडाँडाको चौतारीमा

भेला भएका मानिससमक्ष मंगलदास दुवाल खुल्ला ठाउँमा गरिने दिसा-पिसाब र त्यसबाट मानव स्वास्थ्य र वातावरणमा पर्ने असरको अनुमान लगाउँदै थिए । "एक ग्राम दिसामा विभिन्न रोगका १ करोड भाइरस, १० लाख ब्याक्टेरिया र जुकाका एक सयवटा फुल हुनसक्छन् । यस्तो दिसाको एउटा मात्र कण पनि विभिन्न माध्यमबाट हाम्रो पेटमा पस्यो भने हामीलाई के असर पर्ला ?" उनको कुरा सुनिरहेका एकजना वृद्धले मुख बिगार्दै भने "हत्तेरी, गुहु धेरै खाइएछ ।"

धादिङ जिल्लाको भूमिस्थान गाउँ विकास समिति- ८ कार्कीडाँडामा नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को सहजीकरणमा सञ्चालन भएको 'समुदायको अगुवाइमा सञ्चालित पूर्णसरसफाइ कार्यक्रम' अन्तर्गत घरैपिच्छे चर्पी बनाउने अभियान सुरु भएको छ । १३ वर्षअघि 'वाटरएड' नेपालको सहयोगमा यो गाउँमा खानेपानी आयोजनाको निर्माण भएको थियो । त्यतिखेर बनेका १२ वटा र पछि थपिएका चारवटा धारामा अहिलेसम्म राम्ररी पानी आइरहेको छ । तर, खानेपानी व्यवस्थापनमा उत्कृष्ट ठहरिए पनि यस गाउँमा गत वर्षसम्म कुनै पनि घरमा चर्पी भने थिएनन् । गाउँलाई पूर्णसरसफाइ क्षेत्र बनाउन काम थालनी भएको एक वर्ष नपुग्दै गाउँका ६५ घरमध्ये ४६ वटा घरमा बिना कुनै सहुलियत चर्पी बनिइसकेका छन् । बाँकी घरमा पनि चर्पी निर्माणको काम धमाधम भइरहेको छ । यही असोज ५ गतेसम्ममा कार्कीडाँडाका सबै घरमा चर्पी निर्माण गरिसक्ने लक्ष्य राखिएको कुरा नेवाका वरिष्ठ प्राविधिक मंगलदास दुवाल बताउँछन् । उनका अनुसार सबै घरमा चर्पी बनेपछि गाउँको प्रवेश बिन्दुमा गाउँ पूर्ण सरसफाइयुक्त भएको घोषणासहितको बोर्ड ठड्याइनेछ ।

गाउँलाई पूर्ण सरसफाइयुक्त बनाउने काममा पुरुषहरूको तुलनामा महिलाहरू बढी सक्रिय भएको अनुभव मंगलदास दुवालको छ । यहाँका धेरैजसो पुरुष दिउँसो कामका लागि सिम्ले जान्छन् । काम नभएकाहरू पनि घरमा बस्दैनन् । रोगको उपचारमा लाग्ने खर्चले चर्पी बनाएमा रोग नै लाग्दैन भन्ने कुरा गाउँलेलाई बुझाउने काम यहाँका महिलाले नै गरेको कुरा उनी बताउँछन् । "महिलाको साथ नपाएको भए यो अभियान बीचमै तुहिने थियो ।" उनको कथन छ ।

यस गाउँकी सुनकेशरीले सरसफाइको चासो महिलालाई नै बढी छ भन्ने कुराको पुष्टि गरेकी छिन् । लुगा सिलाएर गुजारा गर्ने उनले ज्यालादारी काम गरेर कमाएको पैसाले एक बोरा सिमेन्ट, सेरामिक प्यान र तीन किलो फलामे छड किनिन् । सामान र ज्यालासहित २५ सय रुपैयाँमा उनको चर्पी तयार भयो । अहिले चर्पी प्रयोग गर्न पाएकोमा उनी खुसी छिन् र समाजमा शिर पनि उचो भएको महसुस गरेकी छिन् ।

चर्पीको आवश्यकता नै महसुस नगरेका मानिसहरू, विशेषतः महिलाहरू छोटो अवधिमा कसरी बिनासहुलियत चर्पी बनाउन अग्रसर भए त ? दुवाल भन्छन्, "हामी उनीहरूसँगै दिसा बस्ने ठाउँ डुल्यौं र दिसाका थुप्रामा पहेंला झण्डा गाड्यौं । पाखैभरि ठडिएका झण्डा देखेर उनीहरूले गाउँभरि अव्यवस्थित दिसाको डंगुर रहेछ भन्ने कुरा थाहा पाएर डराए । त्यसपछि हामीले एक दिनमा खुल्ला ठाउँमा कति दिसा थुप्रिन्छ र त्यसले स्वास्थ्यमा कस्तो असर पुऱ्याउँछ भन्ने छलफल गऱ्यौं । चर्पी र सरसफाइको महत्व बुझाउने काम निरन्तर रूपमा गरेपछि मानिसलाई भित्रैदेखि चर्पी बनाउन र त्यसको प्रयोग गर्न जागृत गरायो ।" सामान्यतया मानिसहरूले चर्चा गर्न नरुचाउने दिसा-पिसाबको कुरा यस रूपमा गर्दा उनीहरूमा उत्पन्न हुने घृणाभावले नै चर्पी बनाउन प्रेरित गरेको र त्यसमा पनि महिलाहरूलाई चर्पी बनाउने कुरामा सजिलै सहमत गराउन सकिएको उनको बुझाइ छ । दुवालका भनाइमा, समुदायका मानिसले, विशेषगरि महिलाहरूले दिगो रूपमा यस्ता आनीबानी अपनाऊन् भन्ने उद्देश्यले कार्कीडाँडामा दुईजना महिला स्वास्थ्य उत्प्रेरकले स्वास्थ्यसम्बन्धी चेतनशील कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

> चर्पी नहुँदा पुरुषका तुलनामा महिलालाई दिसा गर्न जान बढी मुस्किल थियो । जतासुकै छलिने ठाउँ नपाइने, रातिराति टाढा जान सर्प र जंगली जनावरको डर हुन्थ्यो ।

हाल नेपालमा सरसफाइ क्षेत्रमा कार्यरत धेरैजसो संस्थाले चर्पी निर्माणका लागि आर्थिक सहयोग उपलब्ध गराउने गरेका छन् । तर, पूर्ण सरसफाइको यस अवधारणाले सहुलियतलाई प्रोत्साहन गर्दैन । सहुलियतबाट चर्पी बनाएपछि त्यसको माया हुँदैन र दिगो प्रयोग पनि हुँदैन भन्ने

अनुभवका आधारमा यो पद्धति विश्वास राख्दछ। 'हरेक कुरामा सहुलियत खोज्ने मानिसको बानी परिसकेको छ। तर, यो सही कुरा होइन, चर्पी बनाउन सहुलियत चाहिँदैन।' स्वास्थ्य उत्प्रेरक अमृता उप्रेती भन्छिन्।

गत वर्ष असारमा दिसा गर्न गएका बेला ५७ वर्षीया देवकुमारी थापा बारीको कान्लाबाट लडिन् र खुट्टो भाँच्चियो। उनको उपचारमा दस हजारभन्दा बढी खर्च लाग्यो। "चारवटा पक्की चर्पी बन्ने पैसा खर्च गरेर निको भएँ।" चर्पीको महत्वलाई रकमसँग तुलना गर्दै उनी भन्छिन्।

"चर्पी नहुँदा राति दिसा लाग्छ कि भनेर दिउँसैदेखि डर लाग्थ्यो। घरका एकजनालाई दिसा लाग्यो भने अर्को साथी गइदिनैपर्ने भएकाले अरूको समेत निद्रा बिग्रन्थ्यो। अहिले त रातभरि ढुक्कसँग निदाउन पाइएको छ।" भर्खरै चर्पी बनाएर प्रयोग गर्न थालेकी ठूलीमाया भन्छिन्। चर्पी नहुँदा पुरुषका तुलनामा महिलालाई दिसा गर्न जान बढी मुस्किल थियो। जतासुकै छलिने ठाउँ नपाइने, रातिराति टाढा जान सर्प र जंगली जनावरको डर हुन्थ्यो। घरनजिकै चर्पी बनेपछि ती दुःखका दिन सकिए। ठूलीमाया भन्छिन्। हाल कार्कीडाँडामा चर्पी निर्माण मात्र नभई सरसफाइका अन्य पक्षमा पनि मानिसहरूको ध्यान जान थालेको छ। स्वास्थ उत्प्रेरक उप्रेती भन्छिन्, "मानिसहरू पुरानै भए पनि सफा लुगा लगाउँछन्। खाना पकाउनु र खानुअघि, दिसा धोएपछि हात धुने चलन पनि बढेको छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# दुनाटपरी बेचेर आयआर्जन गर्छन् बाग्लुङका महिला

*महिलाहरूको कार्यमा प्रोत्साहन दिन र उनीहरूलाई पेशाप्रति आकर्षित बनाउन पनि हरेक खानपान र भोजभतेरमा दुनाटपरी प्रयोगमा ल्याउनु आवश्यक छ।*

**ज्ञानेन्द्र गौतम**

वनमा खेर गइरहेका सालका पातहरू पनि आयआर्जनको राम्रो स्रोत बन्न सक्छन् भन्दा विश्वास नलाग्न सक्छ। तर, बाग्लुङ बजारका महिला तिनै खेर गएका पातहरूबाट दैनिक आम्दानी लिइरहेका छन्। उनीहरूले आफ्नो आम्दानीमात्र बढाएका छैनन्, जिल्लाबाहिरबाट भित्रिने पेपरप्लेटको विकल्पसमेत दिइरहेका छन्। उनीहरूको आम्दानीको स्रोत बनेको छ सालका पातबाट तयार गरिने दुनाटपरीहरू। महिला उद्यमी विकास सहकारी संस्था बाग्लुङको सक्रियतामा दैनिक दुई-तीन सय दुनाटपरी तयार गरिरहेका छन् बाग्लुङ किनारा टोलका महिला।

खेर गइरहेको सालको पात पनि प्रयोगमा आउने, दैनिक सय डेढ सय भए पनि आउने, त्यसैले यो काममा लाग्यौं- घरमा नै दुनाटपरी बुन्दै गरेकी इन्द्रा श्रेष्ठले भनिन्- अहिले त हामीलाई समय बिताउन पनि सजिलो भएको छ। यो पेशामा दैनिक १०-१२ जना महिला क्रियाशील छन्। सहकारीले गाउँबाट झिकाइने सालका पातहरू खरिद गर्ने गर्छ र ती महिलालाई वितरण गर्दछ। महिलाले तयार गरेको दुनाटपरी संस्थाले पातको मूल्य २५ पैसा कटाइ ७५ पैसामा खरिद गर्ने गर्छ। यसरी महिलाले तयार गरेका सामग्रीहरूको बजार व्यवस्थापन सहकारी आफैंले गर्ने भएकोले उनीहरूलाई बजार व्यवस्थापनको पनि कुनै समस्या नरहेको सहकारीको अध्यक्षसमेत रहेकी श्रेष्ठले बताइन्। बेरोजगार महिलाको समयको सदुपयोग पनि हुने र आम्दानी पनि हुने भएकोले आफूहरू सो पेशाप्रति आकर्षित भएको मीना राजभण्डारीले बताइन्। सो पेशामा संलग्न १०-१२ जना महिलाले दैनिक ४/५ सय दुनाटपरी तयार गर्ने गरेका छन्।

> पेपरप्लेट किन्ने पैसा जोगाई स्वदेशमा नै लगानी गर्ने, स्वास्थ्यका लागि समेत हानिकारक हुने तथा वातावरणलाई समेत प्रतिकूल असर पार्ने हुँदा दुनाटपरीको प्रयोग आवश्यक छ।

एकतिर दुनाटपरी तयार गर्ने महिलालाई राम्रै आम्दानी भएको छ भने अर्कोतिर वनमा खेर गइरहेका सालका पातहरू बिक्री-वितरण गरेर ग्रामीण महिलाले पनि राम्रो आयआर्जन भएको बताएका छन्। विशेषगरी पर्वत धाइरिङका महिलाले सालका पात बिक्रीका लागि बाग्लुङ बजार ल्याउने गरेका छन्। अघिल्लो दिन वनमा गएर पात टिप्ने र भोलिपल्ट बजारमा ल्याएर बिक्री गर्ने गरेको मनमाया दर्जीले बताइन्। एक मुठा ५ रुपैयाँमा बिक्री हुने भएकाले दुई दिनको रु. २ सयदेखि ३ सयसम्म आम्दानी हुने गरेको उनले बताइन्। उनीहरूले ४० देखि ६० वटासम्म मुठा बिक्रीका लागि ल्याउने गरेका छन्।

बाग्लुङमा दुनाटपरी पूजाआजा र धार्मिक कार्यमा मात्र प्रयोग हुने भएकोले बजार व्यवस्थापनमा केही समस्या रहेको संस्थाको अध्यक्ष श्रेष्ठले बताइन्। कहिलेकाहीं पूजाआजाको अलावा विवाह र ब्रतबन्धमा पनि प्रयोग हुने गरेका छन्। विदेशबाट आउने पेपरप्लेटको विकल्प दुनाटपरीको प्रयोग गर्नसके राम्रो आम्दानी हुने र आफ्नो पैसा विदेशमा पनि नजाने तर्क उनको रहेको छ। ठूलाठूला भोजभतेरमा समेत दुनाटपरीको प्रयोगलाई प्राथमिकता दिनुपर्ने माग उनको छ।

पेपरप्लेट किन्ने पैसा जोगाई स्वदेशमा नै लगानी गर्ने, स्वास्थ्यका लागि समेत हानिकारक हुने तथा वातावरणलाई समेत प्रतिकूल असर पार्ने हुँदा दुनाटपरीको प्रयोग उपयोगी हुने धारणा बाग्लुङ अस्पतालका डाक्टर तरुण पौडेलको छ। महिलाको कार्यमा प्रोत्साहन दिन र उनीहरूलाई पेशाप्रति आकर्षित बनाउन पनि हरेक खानपान र भोजभतेरमा दुनाटपरीलाई प्रयोगमा ल्याउनुपर्नेमा ध्यान दिनुपर्ने स्थानीयबासी प्रेमछोटाले बताए।

२०५७ सालमा स्थापना भएको महिला उद्यमशील विकास सहकारी संस्थाले यसका अलावा महिलालाई आयआर्जनमा सरिक बनाउने उद्देश्यले पहिलोपटक बिनाधितो रु. २० हजारसम्म ऋण दिने गरेको छ। व्यवसायलाई राम्रो किसिमले सञ्चालन गरेमा दोस्रोपटकमा रु. ५० हजारसम्म पनि बिनाधितो ऋण दिने गरेको अध्यक्ष श्रेष्ठले बताइन्। सुरुमा रु. १४ हजार शेयर रकम उठाई काम सुरु गरेको सो सहकारीले अहिले १०-१२ लाख रकम संकलन गरी महिलाको व्यवसायमा लगानी गरेको छ। संस्थाले आफ्नै पहलमा बात्ती कात्ने, कागजको थुंगा बनाउने, स्विटर बुन्ने र कपडा सिलाउनेलगायतका कामहरूमा महिलालाई सहयोग गर्ने गरेको अध्यक्ष श्रेष्ठले बताइन्।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

<u>प्रकाशक</u>
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५४७२९१
इ-मेलः **sancharika@wlink.com.np**


सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिकासम्बन्धी समाचार तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

<u>सम्पादक</u>
निर्मला शर्मा